website:www.banphikotmun.gov.np
Email:ito.banphikotmun@gmail.com

# बाँफिकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## बाँफिकोट गाउँपालिका रुकुम पश्चिम
## कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र सं: ०७९/०८०
चलानी नम्बर: ९०२

मिति:- २०७९/११/२

श्री वडा कार्यालयहरु (सबै)
बाँफिकोट गाउँपालिका
रुकुम (पश्चिम)

**विषय:-** आगामी आ.व.२०८०/०८१ का लागि बेरोजगार सूचीमा सूचीकृत हुनका लागि निवेदन दिने बारे।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.स. २०७९/८० र च.नं. PMEP ३३५, मिति २०७९/१०/२३ को पत्रानुसार **श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धि रणनीति २०७८** मा उल्लेख भए अनुसार **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** सम्वन्धी सञ्चार अभियान सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०८०/८१ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने इच्छुक बेरोजगार व्यक्तिहरुले प्रधानमन्त्री कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को अनुसूची १ मा रहेको बेरोजगार दर्ताको लागि दिने निवेदनको ढाँचामा इच्छुक बेरोजगार व्यक्तिहरुले आफु स्थायी बसोवास गरेको सम्बन्धित वडाको वडा कार्यालयमा गई फागुन मसान्त भित्र पूर्ण विवरण सहित आवश्यक कागजात संलग्न गरी निवेदन दिनुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

**आवश्यक कागजपत्रहरु :**

- निवेदकको नागरिकताको प्रतिलिपी १ प्रति
- निवेदन फारम १ प्रति
- निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति
- अपाङ्गता तथा बैदेशिक रोजगारीको विवरण भरेको भए सम्बन्धित कागजातको प्रतिलिपी

**निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

- निवेदक १८ बर्ष पुरा भई ५९ बर्ष उमेर ननाघेको हुनु पर्नेछ ।
- मापदण्ड र विवरण पुरा नभई आएका निवेदन मान्य नहुने र फारम भर्दा अनिवार्य रुपमा निवेदकको परिवारका सवै सदस्यहरुको जन्ममिति, नागरिकता नम्बर, जारी मिति, जारी जिल्ला र पारिवारीक आम्दानी लगायतका सम्पुर्ण विवरण पुर्ण रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।
- आर्थिक र सामाजिक अवसरबाट बञ्चित महिला, आदिबासी, जनजाती, मधेसी, दलित साथै अन्य विपन्न सिमान्तकृत समुदायका व्यक्तिहरुलाई प्राथमिकतामा राखी न्यूनतम रोजगारीका कार्यक्रम सञ्चालन गरिने हुँदा यथार्थपरक र पूर्ण विवरण सहितको निवेदन दिनु पर्नेछ ।

**समिर गौतम**
**रोजगार संयोजक**

समिर गौतम
रोजगार संयोजक